आज मिति २०७२ फागुन १९ गते बुधवारका दिन वेलुकी ५ बजे कलैया नगरपालिकाका प्रमुख एंव कार्यकारी अधिकृत श्री सुरेश राउतज्युको अध्यक्षतामा कलैया नगरपालिकाको सभाहलमा कलैया नगरपरिषदको २५ औं नगर परिषदको बन्द सत्र बैठक बस्यौं । आजको उपस्थिति यस प्रकार छ ।

**उपस्थिति :**
प्रमुख एंव कार्यकारी अधिकृत श्री सुरेश राउत

**आमन्त्रित**
आर्थिक प्रशासन शाखा प्रमुख लेखा अधिकृत श्री मुस्ताक अंसारी
प्रशासन शाखा प्रमुख श्री प्रमोद तिमिल्सिना
प्राविधिक शाखा प्रमुख श्री माधव प्रसाद यादव
योजना शाखा प्रमुख श्री नविन पौडेल
राजस्व शाखा प्रमुख श्री अमन ढुगाना

निर्णय नं. १

कलैया नगरपालिकाका प्रमुख एवम कार्यकारी अधिकृत श्री सुरेश राउत ज्यूवाट आ.व. २०७३।२०७४ को लागी पेश गर्नु भएको वार्षिक निति, वजेट तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. २

आ.व. २०७२।२०७३ को वजेट तथा कार्यक्रमहरु संसोधनको लागी पेश भएकोमा तपसील वमोजिम बार्षिक वजेट तथा कार्यक्रमहरु संसोधन र परिमार्जन सहित पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

नेपाल सरकारद्धारा चालु आवमा जारी भएको तथा कलैया नगरपालिकाद्धारा पेश भएको “कलैया नगरपालिकाको वस्ति विकास, शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२“ संसोधन सहित पारित गरी लागू निर्णय गरियो । यस मापदण्डलाई आधार मानी कलैया नपाको निर्देशिका २०६२ लाई संशोधन सहित पारित गर्ने र सो निर्देशिका आजैका मितिदेखि लागु गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

नगरस्तरीय राजश्व परामर्श समितिको सुझावको आधारमा सशोधन भएका करका दरहरु, दस्तुर, सेवा शुल्क, दण्ड जरिवानाहरुको दर संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

यस नपामा स्थायी दरबन्दीबाट उमेर हदको कारणले अवकाश भएका तथा स्वेचिछक रुपमा राजीनामा स्विकृत गराई दरबन्दी खाली हुन पुगेका स्थायी पदहरुमा पदपूर्ति समितिको निर्णय अनुसार नपा विस्तार संगै बढदो कार्य चापलाई ध्यानमा राखी केही स्थायी पदहरुमा पदपूर्ति गर्ने निर्णय गरियो । साथै बदलिदो आवस्थामा नपाको पुरानो दरबन्दी संरचानालाई संगठन विकास (OD) गरी मन्त्रालयको सहमतीमा दरबन्दी संसोधन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

अन्य सेवा सरसफाई, चालक, चिठिपत्र ओसार पसार, फोटोकपी तथा टाइपिंग,भान्से ,नगर प्रहरीको कार्य गर्ने प्रयोजनका लागि,अमिन र कम्प्युटर अपरेटर जस्ता कार्यको लागि जनशक्ति माग गर्दा प्रचलित कानुनको अधिनमा रही सेवा करारमा सेवा लिने निर्णय गरियो ।

निर्णय नं. ७

यस कार्यालयमा कार्यरत जनशक्तिको उत्पेरणा बृद्धि गर्न सुचकमा आधारित प्रोत्साहन प्रणाली लागु गर्ने निर्णय गरियो । साथै सुचकको आधारमा तलबको १० प्रतिशतसम्म प्रोत्साहन स्वरुप यस नगरपालिकामा कार्यरत निजामति सेवाका कर्मचारीहरु, स्थानिय निकायमा कार्यरत कर्मचारीहरु र करारमा कार्यरत स्थानिय निकायवाट तलव खाने कर्मचारीहरुलाई उपलब्ध गराउने विगतको निर्णयलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं.८

आव २०७२/०७३ को माघ मसान्त सम्मको तलवी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

निर्णय नं ९

आर्थिक प्रणालीलाई वस्तुपरक र अनुमानयोग्य वनाउन आर्थिक प्रणाली सुधार योजना लागु गर्ने तथा उक्त योजना अन्तर्गत आ.व. २०७३।०७४ को श्रावण महिना देखि एकिकृत सम्पती करमा सुधार ल्याउने, नयाँ वडाहरुमा कर प्रणालीलाई एकिकृत गरी लागु गर्ने, कर पद्धतीलाई पूर्ण कम्पुटिकृत गर्ने, करका दरहरुलाई प्रचलित कानुनको दायरामा ल्याउने, करदाता शिक्षा लागु गर्ने, करदाता सम्मान कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो । लेखा पद्धतीलाई क्रमशः प्रोदभावी लेखा पद्धतीमा रुपान्तरण गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

फोहोरमैला व्यवस्थापन ऐन,२०६८ तथा नियमावलीलाई कडाईका साथ कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं ११

कलैया नगरपालिकामा थप भएका वडाहरु समेतलाई समेटी समग्र नगरको नगर यातायात गुरुयोजना निर्माण चालु आव देखि नै शुरु गर्ने । यसको लागि मन्त्रालयमा समेत सहयोगको लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं १२

मेट्रिक प्रणाली अनुसार नगरका घरहरुको नम्बरिंग गर्ने तथा बाटोको नामांकरण गर्ने कार्य शुरु गर्ने निर्णय गरियो ।

निर्णय नं १३

आ.व.२०७२।७३ देखि नै शुरु गरिएको नगरपालिकाबाट सम्पादन हुने निर्माण सम्बन्धि योजनामा उपभोक्ता समितिबाट कार्य गराउंदा न्युनतम ३०(तिस) प्रतिशत अनिवार्य जनसहभागितामा सम्पन्न गर्ने गरी लागू गर्ने निर्णय गरियो ।

निर्णय नं १४

कानूनमा व्यवस्था भए अनुसार आ.व. २०७३।२०७४ मा देहाय बमोजिमको विशेष कोषहरु निर्माण गर्ने तथा सम्बन्धित क्षेत्रका खर्चहरु सोही कोषबाट हुने गरी गर्ने निर्णय गरियो ।

क) दैवि प्रकोप उद्धार विशेष कोष ख) मर्मत संभार विशेष कोष ग) बातावरणीय तथा सरसफाई व्यवस्थापन विशेष कोष घ) कर्मचारी कल्याण कोष

निर्णय १५

नेपाल सरकारले उपलव्ध गराए वमोजिमको दैनिक भत्ताका दरहरु र स्थानीय वैठक भत्ता वापत प्रति वैठक रु १०००।- एक हजार श्रोतमै कर कटा गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १६

आ.ब. २०७०।२०७१ को अन्तिम लेखा परीक्षण उपर छलफल भई पारित गर्ने निर्णय गरियो । आव २०७१।२०७२ को आन्तरीक लेखा परिक्षण प्रतिवेदन उपर छलफल गरियो । आ.व.०७१।०७२ को अन्तिम लेखा परिक्षण सम्पन्न गर्नका लागि आव २०६९ मा सुचना भई ३ वर्षका लागि छनोट भएका कलैया ४ स्थित श्री दिगम्बर एण्ड कम्पनीका प्रमुख लेखा परिक्षक श्री दिगमबर रेग्मीबाट सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं. १७

यस नपाका पदपूर्ति समितिका अध्यक्ष श्री रामधारी यादव ज्यूबाट प्रस्तुत भएको पदपुर्ति सम्वन्धी भए गरेको प्रतिवेदन अनुमोदन सहित पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

बजेटको व्यवस्था भएमा वा अन्य निकायवाट समेत योजना स्वीकृत गराउने प्रयोजनको लागी वडाभेलावाट छनौट भई आएका योजनाहरु प्राथमिकताका साथ सम्पन्न गर्न सिफारिश गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

नपाको श्रोतबाट संभव नभएका तर जनताबाट माँग भई आएका केही प्रमुख योजनाहरु केन्द्र, जि.वि.स.तथा अन्य निकायवाट कार्य सम्पन्न गर्न सिफारिश गर्ने निर्णय गरियो ।

निर्णय नं. २०

चालु आवमा श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आर्थिक सहयोगमा यस नपालाई १ जना सिभिल इन्जिनियर र १ जना एलजिसिडिपी फोकल व्यक्तिको रुपमा कार्यक्रम अधिकृतको छनोट प्रकृया अगाडी बढाइएको छ । आगामी आव देखि सो पदहरुको लागि मन्त्रालयबाट सहयोग भइ आएमा सोही बमोजिम, सहयोग स्विकृत नभई आएमा मन्त्रालयको सहमतीमा निजहरुलाई नपाको आवश्यकताको आधारमा नगरपालिकाको श्रोतबाट व्योहोर्ने गरी सेवा निरन्तरता गर्ने निर्णय गरियो । निजहरुले उपभोग गर्ने अन्य सुविधाहरु पनि नपाको नियमानुसार हुनेछ ।

निर्णय नं. २१

आ.ब. २०७१।०७२ मा विभिन्न शिर्षकबाट कार्यन्वयन भई सम्पन्न भएका योजना तथा कार्यक्रमलाई प्राविधिक कार्य सम्पन्न प्रतिवेदनका आधारमा समितिको निर्णयलाई आधार मानी  योजना तथा कार्यक्रमहरुको जाँचपास तथा फरफारक गर्ने निर्णय गरियो ।

निर्णय नं. २२

कलैया नपामा घर भई विदेशमा रही सेवा गरी रहेका कलैया नगरवासीहरुलाई यस नगरपालिकाका विभिन्न सामाजिक गतिविधिहरुमा तथा विकास निर्माणका कार्यहरुमा योगदान गर्न सार्वजनिक रुपमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २३

यस नगरपालिकालाई विभिन्न देश विदेशका नगरपालिकाहरुसंग भगिनि सम्वन्ध राख्नको लागी नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. २४

यस न.पा.कों योजना संचालन एवम यवस्थापनको लागि आ.ब. ०७२।०७३ मा पेश भएको बार्षिक खरिद योजनालाई कार्यान्वयन गर्ने तथा  तथा  आ.ब. २०७३।०७४ को लागि वार्षिक खरिद योजना तयार पारी पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.२५

आ.ब. २०७१।०७२ मा नगर परिषदबाट स्वीकृत नभएका तर स्थानीय जनताको माँगको आधारमा नगरी नहुने आवश्यकताको आधारमा सम्पन्न भएका केही योजनाहरु भए सो सम्पन्न योजनाहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. २६

विभिन्न मितिमा न.पा. बोर्डले गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. २७

यस नगरपाकिाको कर्मचारी कल्याण कोष सन्चालन निर्देशिका-२०७० बमोजिम कर्मचारी कल्याण कोषमा विगत वर्ष झै कर्मचारीले खाइपाइ आएको तलव स्केलमा १.५ (डेढ) महिना बराबरको रकम जम्मा गर्ने  विगतको निर्णयलाई निरनतरता दिने निर्णय गरियो ।।

निर्णय नं. २८

कर्मचारीहरुले नेपाल सरकारले तोकेको अनुसार ड्रेसकोड अनिवार्य लगाउनु पर्ने व्यवस्थालाई कडाइका साथ लागू गर्ने । यसको लागि नपा श्रोतबाट खर्च व्यहोर्ने गरी प्रति स्थायी कर्मचारीलाई रु. ७,५००।०० (सात हजार पाँचसय) का दरले लुगा (ड्रेस) भत्ता उपलब्ध गराउने निर्णयलार्य निरन्तरता दिने । ड्रेस खरिद नगर्ने र नलगाउने कर्मचारीलाई सो रकम (पैसा) उपलब्ध नगराउने तथा नेपाल सरकारले स्थानीय निकाय तर्फका कर्मचारीहरुलाई सो वापत बजेट निकासा गरेमा सोही बजेटबाट खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. २९

वडा सचिवको रुपमा थप काम गर्ने २५ वडाका कर्मचारीहरुलाई खाजा र पारवहन खर्च वापत दिईदै आएको प्रति महिना रु. १,०००।०० (एक हजार) भतालाई आगामी वर्ष पनि निरन्तरता दिईने निर्णय गरियो ।

निर्णय नं. ३०

आ.ब. ०७१।०७२ को प्राप्त जिन्सी निरिक्षण प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३१

आ.ब. ०७१।०७२ मा संचालन भै सम्पन्न भएका योजनाहरुको आ.ब. ०७२।०७३ मा गरिएको बाँकी सम्पूर्ण भुक्तानीलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३२

महिला सशक्तिकरण, गरिबी निवारण, आय आर्जन , सिप हस्तान्तरण तथा साना भौतिक पूर्वाधारका योजनाहरु संचालनका लागि लुमन्ति भन्ने गैर सरकारी संस्था तथा दीपशिखा सहकारी संस्था जस्ता अन्य सरहकारी संसथाहरुसँगको सहकार्यलाई निरन्तरता दिइने निर्णय गरियो ।

निर्णय नं ३३

यस कलैया नपामा सचालनमा रहेका ४ वटा स्वास्थ्य क्लिनिकहरुमा कार्यरत रहेका स्वाथ्यकर्मीहरु तथा स्वय सेवकको रुपमा सेवारत रहेकाहरुलाई नपाले विगतमा गर्दै आएका सहयोगलाई निरन्तरता

दिने साथै स्वयसेवकहरुलाई समितिबाट निर्णय भइ आएमा सोही हैसियत र सुविधामा नियुक्ति दिने तथा खाइपाई आएको सुविधा प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ३४

कलैया नगरपालिकाको २५ औ नगर परिषदमा उपस्थिति हुनु भई सोभा वढाउनु हुने प्रमुख अतिथि श्रमिान प्रमुख जिल्ला अधिकारी कृष्ण प्रसाद ढुगाना, विशिष्ठ अतिथिहरु, पत्रकारहरु, राजनैतिक दलका प्रतिनिधिहरु, वडा नागरीक मन्चका प्रतिनिधिहरु, उद्योग वाणिज्य संघ, सरकारी कार्यालयका प्रतिनिधिहरु, कर्मचारी साथीहरु लगायत सम्पूर्ण नगरवासीहरुमा कलैया नपाले धन्यवाद ज्ञापन गर्ने तथा पारित भएका नीति,बजेट तथा कार्यक्रमलाई निर्वाद संचालनका लागि सवैको सहयोगको आहवान गर्ने निर्णय गरियो ।

•